# इलाम नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ९** **संख्या : ८** **मिति : २०८२/०८/०९**


## भाग-२

इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, सहकारी संस्था विघटन तथा खारेजी कार्यविधि, २०८२ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## सहकारी संस्था विघटन तथा खारेजी कार्यविधि-२०८२


**कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/०८/०९**
**प्रमाणीकरण मिति : २०८२/०८/०९**


इलाम नगरपालिकाको सहकारी ऐन २०७४ को दफा ६६, दफा ६७ र दफा ६८ मा भएको व्यवस्था अनुसारको उद्धेश्य कार्यान्वयन गर्न संस्था विघटन र खारेजी गर्ने सम्बन्धमा संघीय सहकारी ऐन २०७४ को दफा ८८ र संघीय सहकारी नियमावली २०७५ को दफा ३९, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को अधिनमा रहि इलाम नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम सहकारी संस्था विघटन तथा खारेजी सम्बन्धी कार्यविधि २०८२ रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाले स्विकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंघले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"ऐन"** भन्नाले इलाम नगरपालिकाको सहकारी ऐन २०७४ र संघीय सहकारी ऐन २०७४ समेत सम्झनु पर्दछ ।

(ख) **"नगरपालिका"** भन्नाले इलाम नगरपालिका सम्झनु पर्छ ।

(ग) **"नगर प्रमुख"** भन्नाले इलाम नगरपालिकाको नगर प्रमुख भन्ने सम्झनु पर्छ ।

(घ) **"उप प्रमुख"** इलाम नगरपालिकाको नगर उपप्रमुख भन्ने सम्झनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले इलाम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) **"सहकारी शाखा"** भन्नाले इलाम नगरपालिकाको सहकारी शाखालाई सम्झनु पर्छ

(छ) **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन २०४८ तथा सहकारी ऐन २०७४ बमोजिम स्थापना भएका सहकारी संस्थालाई सम्झनु पर्छ ।

(ज) **"विघटन तथा दर्ता खारेजी"** भन्नाले यस कार्यविधिको परिच्छेद ४ को दफा (९) मा भएको व्यवस्था वा कुनै संस्था संगठन तथा निकायलाई सम्पुर्ण रुपमा सक्ने, समाप्त गर्ने, वा कानुनी रुपमा अन्त्य गर्ने प्रकृयालाई जनाउछ ।

(झ) **"कार्यालय"** भन्नाले इलाम नगरपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।

(ञ) **"रजिस्ट्रार"** भन्नाले इलाम नगरपालिकाको सहकारी ऐनमा तोकिए अनुसार सहकारी दर्ता अनुगमन निरिक्षण तथा एकीकरण र दर्ता खारेज गर्ने अधिकारी वा प्रमख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## उद्धेश्य

३. **उद्धेश्यः** सहकारी संस्थाको खारेजीको उद्धेश्य देहाय बमोजिम हुनेछ ।

(क) कानुनी व्यवस्थापन र उत्तरदायित्व समाप्त गर्ने ।

(ख) आर्थिक हिसाव किताबको अन्तिम टुंगो लगाउने ।

(ग) निस्क्रिय, विघटन अवस्था वा कार्य गर्न नसक्ने सहकारीहरु बन्द गर्न ।

(घ) अनियमितता दुरुपयोग वा अवैद्ध क्रियाकलाप रोक्ने ।

(ङ) सहकारी क्षेत्रलाई स्वस्थ, पारदर्शी र विश्वसनीय बनाउन समस्याग्रस्त सहकारीहरुलाई हटाउने।

(च) नियमनकारी निकायलाई सहकारी क्षेत्र व्यवस्थापनमा सहजता ल्याउने ।

(छ) सदस्यहरुको हित संरक्षण गर्ने ।

## परिच्छेद-३
## लिक्वीडेटर नियुक्ति काम कर्तव्य र अधिकार

४. **सहकारी संस्था खारेजी कार्यका लागि लिक्वीडेटर नियुक्तिः**

१. **लिक्वीडेटर नियुक्तिः** इलाम नगरपालिका सहकारी ऐनको दफा ६७ को उपदफा (१) बमोजिम सहकारी संस्थाको सम्पत्तिको लिक्वीडेसन गर्दा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्ति गर्नेछ ।

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि इलाम नगरपालिका भित्र कार्यक्षेत्र भएका संस्थाको हकमा इलाम नगरपालिकाले आफू मातहतका अधिकृत वा कर्मचारीलाई लिक्वीडेटरको रुपमा काम गर्न तोक्न सक्नेछ ।

## ५. लिक्वीडेटरको काम कर्तव्य र अधिकारः

१. ऐनको दफा ६७ अन्तर्गत लिक्वीडेटरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विघटन भएका संस्थाबाट असुल हुन बाँकी रहेको रकम चुक्ता गर्नको लागि सो संस्था वा हालवाला वा साविकवाला सदस्यहरु वा मृत सदस्यहरुको जायजेथाबाट बाँकी रकम नियम २० र २२ को कार्यविधि अपनाई असुल उपर गर्ने ।

(ख) विघटन भएका संस्थासँग कुनै साहुको कुनै रकम बाँकी वाँकी रहेको र सो कुरा संस्थाको हिसाव किताबमा चढाइएको रहेनछ भने त्यस्ता साहुलाई यो यति म्याद भित्र सो रकमको दावा गर्न आउनु भनि वा सो बाँकी वाँकी रहेको प्रमाणित नभएसम्म त्यति रकम वितरण नगरियोस भनि दावा गर्न आउनु भनि सूचना गर्ने ।

(ग) साहुहरुमध्ये कसलाई प्राथामिकता दिने भन्ने प्रश्न उठेमा त्यसको निर्णय गर्ने ।

(घ) संस्था विघटन गर्ने सिलसिलामा संस्थाको जायजेथा जम्मा गर्ने र वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने ।

(ङ) दर्ता अधिकारीको पूर्व स्वीकृति लिई संस्थाले गरेको वा संस्थाको विरुद्धमा गरिएको दावी सम्बन्धमा कुनै पक्ष बीचमा मिलापत्र गराउने ।

(च) विघटनको लागि आवश्यक देखेमा सदस्यहरुको बैठक बोलाउने ।

(छ) संस्थाको खातावही कागजात, लिखत र जायजेथाको जिम्मा लिने ।

(ज) संस्थाको सम्पत्ति वेचविखन गर्ने ।

(झ) सरोकारवालाहरु समेतको परामर्शमा संस्थाको जायजेथा विवरण गर्ने योजना तयार गरि त्यसको वितरण गर्ने ।

२. उपदफा (१) वमोजिमको अधिकारीहरुको प्रयोग गर्दा लिक्वीडेटरले आवश्यक सम्झेमा संस्थाको गठन काम कर्तव्य सम्पत्ति वा अन्य कुराहरुको सम्बन्धमा आवश्यक जानकारी प्राप्त गर्न पक्ष विपक्ष साक्षिहरु र संस्थाको कुनै पदाधिकारी वा कर्मचारीलाई आफुसमक्ष उपस्थित गराई सोधपुछ गर्न सक्नेछ ।

**६. लिक्वीडेसन नियन्त्रण गर्ने दर्ता अधिकारीको अधिकारः** उपदफा (५) बमोजिमको अधिकार प्रयोग गरि लिक्वीडेटरले गरेको कामलाई दर्ता अधिकारीले दोहर्याई हेरी देहाय बमोजिम गर्न सक्नेछः

(क) निर्देशन विपरित लिक्वीडेटरले जारी गरेको आदेश खारेज गर्न बदल्न वा आवश्यकतानुसार अर्को आदेश जारी गर्न ।

(ख) संस्थाको खातावही कागजात लिखत र जायजेथाहरु पेश गराउन ।

(ग) लिक्वीडेटरको अधिकारमा आफुलाई उपयुक्त लागेको हद बन्देज तोकिदिन ।

(घ) लिक्विडेटरले जाँचेको हिसाब किताबको प्रतिवेदन लिन।

(ङ) संस्थाको जायजेथा वितरण गर्ने अधिकार दिन ।

(च) लिक्वीडेटरले पाउने पारिश्रमिक एवं भत्ताको निमित्त आवश्यक निर्देशन दिन ।

(छ) लिक्वीडेटरलाई पदवाट हटाई अर्को नियुक्ति गर्न ।

७. **लिक्वीडेसन कामको समाप्तिः**

१. ऐनको दफा ६६ अन्तर्गत खारेज गरिएको कारण विघटन भएको संस्थाको कोषबाट देहाय बमोजिमको प्राथामिकताक्रम अनुसार देहायमा लेखिएका कामको लागि खर्च गर्न सकिन्छ ।

(क) विघटनको कामको निमित्त भएका खर्चहरु फर्छ्यैट गर्न ।

(ख) सदस्यलाई बचतको रकम भुक्तानी गर्न ।

(ग) कर्मचारीको तलव भत्ता दिन ।

(घ) ऋण भुक्तानी गर्न ।

(ङ) अन्य भुक्तानी दिनुपर्ने रकमहरु दिन ।

(च) शेयर पुँजी फिर्ता दिन ।

(छ) लाभांश नबाँडिएको समय जतिको हकमा प्रतिवर्ष शेयर पुँजीको पन्ध्र प्रतिशतका दरमा नबढने गरि लाभांश वितरण गर्न ।

२. कुनै संस्थाको विघटनको काम समाप्त भैसकेपछि पनि सो संस्थाको कुनै साहुले वितरणको योजना अनुसार पाउनु पर्ने रकम लिन नआएमा विघटनको काम समाप्त भएको मितिले तीन महिनाभित्र उक्त संस्थाको कोष उपर त्यस्तो साहुले आफूले पाउनु पर्ने रकमको निमित्त दाबी गरिसक्नु पर्नेछ । सो म्याद नाघेपछि परेका दावि उपर कुनै कारवाही हुनेछैन ।

८. **लिक्वीडेसन पछिको सम्पत्तिको उपयोगः**

१. ऐनको दफा ६८ बमोजिम सहकारी संस्थाको लिक्वीडेसन पश्चात बाँकी रहन गएको सम्पत्तिको उपयोग देहाय बमोजिम हुनेछ ।

२. उपदफा (१) मा लेखिएका काममा खर्च गरि सक्दा पनि सम्बन्धित संस्थाको कोषको रकम बाँकी रहन आएमा उक्त रकम दर्ता अधिकारीको निर्देशन बमोजिम देहायको प्राथामिताक्रम अनुसार हस्तान्तरण गर्न सकिनेछ ।

(क) विघटित संघ संस्थाको कार्यक्षेत्रमा सेवा पुर्याउन सक्ने नजिकको सोही प्रकृतिको अन्य कुनै संस्था,

(ख) सो संस्था सदस्य भएको सोही प्रकृतिको माथिल्लो संघ,

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि इलाम नगरपालिकाले मन्त्रालयको सिफारिसमा उपनियम (१) अनुसार खर्च गरिसकेपछि बाँकी रहन आएको सहकारी संस्थाको कोषमको रकम

सहकारी अभियानलाई योगदान पुर्याउने अन्य कुनै निकायलाई हस्तान्तरण गर्न वा शिक्षा स्वास्थ्य वा महिला बालबालिका तथा जेष्ठ नागरिकलाई प्रत्यक्ष फाइदा पुग्ने स्थानीय सामुदायीक विकासको प्रयोजनका लागि हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद-४

## सहकारी संस्था खारेजी हुने अवस्था र खारेजी व्यवस्थापन प्रकृया

**९. निम्न अवस्था भएमा सहकारी संस्था खारेजी हुनेछः**

१. कुनै संस्थामा देहकायको अवस्था विद्येमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुइतिहाई वहुमत सदस्यको निर्णयवाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरि दर्ता खारेजीको स्वीकृतिको लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(क) विनियममा उल्लेखित उद्धेश्य तथा कार्य हासिल गर्न संम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा,

२. उपदफा (१) वमोजिम प्राप्त निवेदनमा छानविन गर्न त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको खारेज गर्न प्रमुख समक्ष पेश गर्न सक्नेछ र नगर कार्यपालिकाले निर्णय गरि संस्था खारेज हुनेछ ।

३. उपदफा (२) जुनसुकै कुरा लेखिएको भएता पनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(क) लगातर २ वर्ष सम्म कुनै कारोवार नगरी निस्क्रिय रहेको पाइएमा ।

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तरगत वनेको नियमावली विपरितको कार्य बारम्बार गरेमा ।

(ग) विनियममा उल्लेखित उद्धेश्य विपरित कार्य गरेमा ।

(घ) सहकारी मूल्य र मान्यता विपरित कार्य गरेमा ।

४. उपदफा (२) वा (३) वमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनवाईको लागि १५ दिनको समय दिनु पर्दछ ।

५. उपदफा (२) वा (३) वमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

६. उपदफा (२) वा (३) वमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाण पत्र स्वत रद्ध भएको मानिनेछ ।

७. उपदफा (२) वमोजिम दर्ता खारेज भएमा निर्णय भएको मितिले ३० दिन भित्र निर्णयको विरुद्ध नगर सभामा उजुरी दिनु पर्नेछ । नगर सभाको खारेजि सम्बन्धि निर्णय नगरपालिकाको हकमा अन्तिम निर्णय हुनेछ ।

**१०. उपदफा (९) को अवस्था भएका सहकारी संस्था निम्न प्रकृया अनुसार खारेजी गरिनेछः**

१. खारेजी गर्नुपर्ने सहकारी संस्थाको छनौट गर्ने ।

२. खारेजीमा परेका सहकारी संस्थाहरुको ३५ दिने सुचना प्रकाशित गर्ने ।

३. खारेजी भएका सहकारी संस्था र सम्बन्धित वडा कार्यालयमा खारेजीको १५ दिने सुचना टाँस गर्ने ।

४. पन्ध्र (१५) दिन पछि सहकारी संस्थाका संचालक समितिका पदाधिकारी, लेखा सुरपरिवेक्षण समितिका पदाधिकारी र कर्मचारी लगायत शेयर सदस्यहरुलाई भेला गराई खारेजी प्रकृयाका सम्बन्धमा आवश्यक जानकारी गराउने ।

५. संस्थाको मौजुदा खातापाता तथा हर हिसावको विवरण सहित संस्थाको दर्ता प्रमाण पत्रका साथै विनियम लगायतका आवश्यक लिखत र जायजेथाको जिम्मा लिने ।

६. अन्तिम शेयर रकम वचत रकम लगानी ऋण तथा असुली हुन बाँकी ऋणका साथै सम्पत्ति तथा दायित्वको विवरण तयार गर्ने ।

७. उक्त विवरणका आधारमा लेखापरीक्षण गराई संस्थाको नाममा रहेको बैंक खाताहरु रोक्का गरि हिसाव मिलान पछि खाता बन्द गर्ने ।

८. शेयर सदस्यको सम्पत्ति तथा दायित्व फिर्ता गर्ने ।

९. संस्थाको नाममा रहेको घर जग्गा जमिन तथा शेयर रकम बिक्री गरि संस्थाको नाममा रहेको ऋण भुक्तान गरी बाँकी हुन आएको रकम उपदफा (८) बमोजिम गर्ने ।

१०. सहकारी संस्थाको नाममा रहेको पान नं. लाई कर दायित्व चुक्ता गरि बन्द गर्ने ।

११. अन्तिम लेखापरीक्षण गरि संस्था खारेजीको निर्णय सहित प्रतिवेदन इलाम नगरपालिकामा पेश गर्ने ।

## परिच्छेद-५
## विविध

११. **वाधा अडकाउ फुकाउने:** यस कार्यविधि कार्यान्वयनमा वाधा अडकाउ परेमा वाधा अडकाउ फूकाउने तथा व्याख्या गर्ने अधिकार कार्यपालिकालाई हुनेछ ।

१२. **खारेजी तथा बचाउः** यस कार्यविधिमा भएको कुनै पनि व्यवस्था नेपालको संविधान प्रचलित संघीय तथा प्रादेशिक कानुनसँग बाँझिएमा बाँझिएको हदसम्म वदरभागी हुनेछ ।

१३. **बजेट तथा आर्थिक व्यवस्थापनः** सहकारी संस्थाको विघटन तथा खारेजी गर्दा हुन आउने खर्च रकम इलाम नगरपालिकाको कार्यलयले उपलब्ध गराउनेछ ।

**आज्ञाले**

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत